दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः६ सङ्ख्याः९ राजपत्रमा प्रकाशित मितिः२०८०/११/०१

## भाग २

# स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०८०

# स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र

## विराटनगर महानगरपालिका,मोरङ

**Emergency Operation Centre Biratnagar Metropolitan(LEOC_Biratnagar)**




## कार्यसञ्चालन विधि, २०८०

Standard Operating Procedure-SOP 2023

## स्थानीय विपद् व्यवस्थापन समिति

### विराटनगर महानगरपालिका

### मोरङ

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/२५*

# परिच्छेद एक

# प्रारम्भिक

## १.१) परिचय

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट सङ्कटासन्न अवस्थामा रहेको छ । नेपालको कुल जनसंख्याको ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी,पहिरो,हावाहुरी, असिना,आगलागी,भूकम्प तथा हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन् । यसका अतिरिक्त नेपाल भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण प्रलयकारी भूकम्पको उच्च सम्भावना बोकेको छ । हाम्रो देश विश्वमा २० औं विपद् संकटासन्न राष्ट्रमा पर्दछ । विश्वब्यापीरुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औ स्थानमा, पानीजन्य प्रकोपका कारण ३० औं स्थानमा तथा जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा सुचिकृत छ ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई योजनाबद्ध र ब्यवस्थित गर्न नीतिगत कानुनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमा विपद् जोखिम व्यवस्थापनका लागि दैवी प्रकोप (उद्धार) ऐन २०३९,स्थानीय स्वायत्त शासन ऐन २०५५, भवन ऐन २०५५,राष्ट्रिय भवन संहिता २०६०, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, राष्ट्रिय विपद् प्रतिकार्यको ढाँचा २०७०, राष्ट्रिय पुर्ननिर्माण तथा पुर्नस्थापना नीति २०७२आदि महत्वपूर्ण नीतिगत तथा कानूनी आधार हुन भने नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४,विपद् जोखिम राष्ट्रिय नीति, २०७५ पछिल्ला महत्वपूर्ण कानूनी आधार हुन् ।

नेपाल बाढी, पहिरो, आगलागी, महामारी, खडेरी, चटयाङ जस्ता नियमित प्रकृतिका प्राकृतिक तथा मानव निर्मित प्रकोप तथा भूकम्प जस्ता कहिले काही जाने र ठूलो मात्रामा जनधनको क्षति हुने प्रकोपका हिसावले उच्च जोखिममा रहेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरुको व्यवस्था भएको छ। गृहमन्त्रीको अध्यक्षतामा रहेको कार्यकारी समितिले विपद् प्रतिकार्यलगायत विपद् व्यवस्थापनका समग्र नेतृत्वदायी भूमिका निभाउदै आएको छ । सम्भावित विपद् र यसको जोखिमको अवस्थालाई मध्यनजर राख्दै सम्बन्धित निकायहरू र साझेदार संस्थाहरूले प्रभावकारी विपद् प्रतिकार्य तथा उद्धारका लागि केन्द्रमा राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, प्रदेशमा प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्लामा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गरी कार्य गर्दै आएका छन् (राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, कार्यसञ्चालन विधि २०७२) । यी केन्द्रहरुले सम्बन्धित विपद् व्यवस्थापन समितिको नेतृत्वमा रहेर काम गर्दछन् । स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रकृयालाई प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरे अनुसार विराटनगर महानगरपालिकाले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी यो **स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि**, **२०८०**,कार्यान्वयनमा ल्याएको छ ।

कोशी प्रदेशको राजधानी तथा मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगर महानगरपालिका राज्य पुनर्संरचना पश्चात बैजनाथपुर र बुधनगर गाविसहरु गाभिएर उपमहानगरपालिकाबाट महानगरपालिकामा रुपान्तरण भएको हो।विराटनगर वि सं २००८ सालमाप्रथम पटक नगरपालिका, २०५२ सालमा उपमहानगरपालिका र २०७४ साल असार ८ गते महानगरपालिका घोषणा भएको हो । यसको पूर्वमा जहदा र कटहरी गाउँपालिका, पश्चिममा केशलिया खोला र सुनसरी जिल्लाका बर्जुगाउँपालिका र दुहवी गरपालिका, उत्तरमा बुढीगंगा गाउँपालिका र दक्षिणमा भारतको विहार राज्य पर्दछन्।समुद्र सतहदेखि करिव ८० मिटरको उचाईमा रहेको यो महानगरपालिकामा पहाडी क्षेत्री बाहुन, मारवाडी, नेवार, मधेशी, पासवान, डुम, ऋषिदेव लगायतका दलित वर्ग, जनजातिहरु, सन्यासी, मुस्लिम लगायतका जातजातिको बसोबास रहेका छन भने अधिक संख्यामा हिन्दू, त्यसपछि मुस्लिम, बौद्ध र केही क्रिस्चियन धर्म मान्नेहरु छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार विराटनगर महानगरपालिकामा ५६,९१९ घरधुरीमा २,४३,९२७ मानिसहरुको बसोवास रहेको छ जसमा पुरुष १,२१,९५४ र महिला १,२१,९७३ रहेका छन् ।

पौराणिक कालका प्रख्यात विराट राजाको दरवार यसै सहरको हाल वडा नं १८ स्थित भेडियारी क्षेत्रमा रहेको विश्वास छ । महाभारत काण्डमा पाण्डवहरू राजा विराटको दरवारमा आश्रय लिइ गुप्तवास वसेको भनाइलाई पुष्टि हुने तथ्य पुरातात्विक महत्वका सामग्रीहरू र दरवारको भग्नावशेष उक्त स्थानमा सुरक्षित रहेका छन्। विराट राजाको नामबाट नै यस क्षेत्रको नाम विराटनगर रहन गएको हो । विराटनगर विमानस्थलबाट काठमाण्डौं तथा पूर्वी नेपालका धेरै पहाडी दुर्गम स्थानहरूसम्म हवाइ सम्पर्क छ ।

## १.२ उद्देश्य

यस कार्यसञ्चालन विधिका उद्देश्य देहाय बमोजिम रहेका छन्

- स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको संगठन संरचना निर्धारण गर्ने,
- स्थानीय आपत्कालीन केन्द्र सञ्चालनका लागि आवश्यक न्यूनतम श्रोत साधनको पहिचान गर्ने,
- केन्द्रको र सम्बद्ध पदाधिकारीको काम कर्तव्य र अधिकार तथा केन्द्रको क्रियाशीलताको तह निर्धारण गर्ने,
- केन्द्रमा प्राप्त हुने प्रतिकार्य सम्वन्धी सूचनाको प्रकृया र सूचना विश्लेषण तथा प्रवाहको विधि तय गर्ने,
- विपद् पूर्वतयारी तथा विपद् प्रतिकार्यमा सरोकारवाला निकायका बीच समन्वय गर्ने संयन्त्र निश्चित गर्ने,
- विपद्को घटनामा भएको क्षतिको तथ्याङ्क विवरण अद्यावधिक गर्ने प्रणालीको स्थापना गर्ने ।
- विपद्को समयमा गरिने खोज, उद्धार तथा मानवीय सहायताको नेतृत्व तथा समन्वय गर्ने संयन्त्र स्थापना तथा विकास गर्ने,
- विपद् प्रतिकार्यमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने व्यवस्था मिलाउने,

## १.३ आधारभूत कार्यहरू

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले प्रत्येक दिन २४ सै घण्टा सञ्चालनमा रही देहाय बमोजिमका कार्यहरु गर्नेछः

- विपद् प्रतिकार्यको लागि स्थानीय तहमा सूचना संकलन, समन्वय र सहयोगको विकास गरी खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने,
- स्थानीय विपद् व्यवस्थापन समिति र महानगरपालिकाका निर्णयहरूको कार्यान्वयन गर्ने,
- प्रतिकार्यमा संलग्न सबै स्थानीय खोज तथा उद्धार समूहहरुबीच समन्वय गर्ने,
- मानवीय सहायतासम्बन्धी कार्यको लागि नेतृत्व तथा समन्वय गर्ने निकायका रूपमा कार्य गर्ने,
- सरोकारवाला निकायहरूबाट विपद्सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने,
- स्थानीय सरकारका सबै तहका निकायहरूको विपद् पूर्वतयारी, योजना तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने,
- विभिन्न सरकारी निकाय तथा गैर सरकारी क्षेत्रवाट सञ्चालन गरिने विषयगत क्षेत्रका कार्य तथा शीघ्र पुनर्लाभका क्रियाकलापहरु कार्यान्वयनका लागि समन्वय गर्ने,
- विपद जोखिमको सूचना तथा पूर्वचेतावनी दिने, जोखिमको अवस्था टरेको जानकारी दिने तथा विपद् पूर्वसूचना प्रणालीको समन्वय गर्ने,
- विपदका घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण तथा अद्यावधिक गर्ने र स्थानीय विपद्को वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, यी विवरणलाई लैङ्गिक तथा समावेशी दृष्टिकोंणबाट खण्डिकृत बनाउने,
- विपद्का घटनाको र क्षतिको तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्ने आधिकारिक निकाय हुने भएकोले विपद् पूर्वतयारी तथा प्रतिकार्यको विवरण नियमित रुपमा सार्वजनिक गर्ने,
- आफ्नो प्रत्यक्ष नियन्त्रणमा रहने गरी महत्वपूर्ण मानिएका सार्वजनिक स्थानमा विपद्सम्बन्धी सूचना, जानकारीमूलक सामग्री र पूर्वचेतावनी दिन सकिने विद्युतीय बोर्ड आदि स्थापना गरी जनचेतना जगाउने कार्यको समन्वय गर्ने ।
- विपदबाट भएको प्रभाव र क्षतिको प्रारम्भिक द्रुत लेखाजोखा(IRA)(अनुसूची ५), बहुक्षेत्रगत द्रुत लेखाजोखा(MIRA)(अनुसूची ६) र क्षेत्रगत बिस्तृत लेखाजोखा गरी प्रतिकार्यका लागि आवश्यक साधन स्रोतको पहिचान गर्न सघाउने,

- आपतकालीन स्थानीय भण्डारण गृहहरुको सञ्चालन व्यवस्था प्रभावकारी गर्नका लागि जिल्ला तथा राष्ट्रिय तहमा आवश्यक समन्वय गर्ने,
- स्थानीय तहमा राहत तथा उद्धार सामग्रीहरुको स्थानीय अभिलेख तयार गरी नियमितरुपमा अद्यावधिक गर्ने,

## परिच्छेद - २

## परिभाषा र व्याख्या

### २.१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "विराटनगर महानगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र कार्यसञ्चालन विधि २०८०" रहेको छ र यो कार्यविधि विराटनगर महानगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

### २.२ परिभाषाः

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "प्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको नगर प्रमुखलाई जनाउँछ।

ख) "आपतकालीन अवस्था" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक प्रकोपको कारणले जन वा धनको क्षति हुनै नदिन तत्कालै उद्धार गर्नुपर्ने अवस्थालाई जनाउँछ ।

ग) "कार्यसञ्चालन विधि" भन्नाले विराटनगर महानगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि २०८०"लाईजनाउँछ।

घ) "कार्यपालिका" भन्नाले विराटनगर महानगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ ।

ङ) "कार्यालय" भन्नाले विराटनगर महानगरपालिकाको कार्यालयलाई जनाउँछ।

च) "केन्द्र" भन्नाले विराटनगर महानगरपालिका स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ ।

छ) "कोष" भन्नाले विराटनगर महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थापना गरिएको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

ज) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई जनाउँछ।

झ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

ञ) "जिल्ला विपद् व्यवस्थापन समिति "भन्नाले संघीय ऐनको दफा १६ बमोजिम मोरङ जिल्लामा गठन भएको जिल्ला विपद व्यवस्थापन समिति सम्झनुपर्छ।

ट) "प्रदेश विपद व्यवस्थापन समिति " भन्नाले संघीय ऐनको दफा १४ बमोजिम कोशी प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ड) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

ढ)"विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन तथा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असरपार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनुपर्छ।

ण) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद्व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टिकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

त) "विपद्जोखिमन्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

थ) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटना पछि गरिने पुनर्निर्माण एवं पुनस्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

द) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना हुनासाथ तत्कालै गरिने खोज, उद्धार राहत र उपचारसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

ध) "विपद्व्यवस्थापन"भन्नालेविपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

न) "विपद्व्यवस्थापनसमिति" भन्नाले विराटनगर महानगरपालिका स्तरीय विपद व्यवस्थापन समिति सम्झनुपर्छ।

प) "स्थलगतसर्वेक्षण" भन्नाले विराटनगर महानगरपालिकाद्वारा गठित टोली वा महानगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा अवलोकन तथा छलफल समेत गरी सूचना संकलन मार्फत गरिएको सर्वेक्षणलाई जनाउँछ ।

फ) "सभा" भन्नाले विराटनगर महानगरपालिकाको नगर सभालाई जनाउँछ।

ब) "सरोकारवाला" भन्नाले विराटनगर महानगरपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति, समुह तथा संस्थालाई जनाउँछ ।

भ) "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद् व्यवस्थापनमा सहयोग प्रदान गर्ने वा गर्न सक्ने सरकारी, संयुक्त राष्ट्र संघीय निकाय, गैर सरकारी, सामुदायिक तथा निजी संघ वा संस्थालाई जनाउँछ ।

म) "सामुदायिक संस्था" भन्नाले विराटनगर महानगरपालिका क्षेत्रभित्र गठन भई महानगरपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ।

य) "संघीयऐन" भन्नाले नेपाल सरकारको "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" सम्झनुपर्छ ।

र) "संरचना" भन्नाले घर, टहरा, गोदाम, ग्यारेज, पर्खाल, सडक, सामुदायिक तथा सार्वजनिक भवन, पुल आदि जस्ता स्थायी संरचना निर्माणलाई जनाउँछ ।

## परिच्छेद – ३

## केन्द्रको कार्यसञ्चालन विधि

### ३.१ केन्द्रको संरचनाः

(१) विराटनगर महानगरपालिकाको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रमहानगरस्तरीय विपद व्यवस्थापन समितिको निर्देशनमा सञ्चालित हुनेछ ।

२) केन्द्रको कार्यगत संरचना अनुसूची (१) बमोजिमको हुनेछ ।

**३.२. केन्द्रको कार्यक्षेत्रः**(१) केन्द्रको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

क) केन्द्रले स्थानीय विपद् व्यवस्थापन समितिबाट तयार योजना तथा कार्यक्रमको अधिनमा रही कार्य गर्नेछ ।

ख) केन्द्रले विराटनगर महानगरपालिकाक्षेत्रभित्र विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्नेछ ।

ग) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वसूचना संकलन, विश्लेषण र प्रवाह गर्ने ।

घ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी अवस्थामा राख्ने तथा सञ्चालन गर्ने/गर्न लगाउने ।

ङ) महानगरस्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद् व्यवस्थापन समितिसंग प्रत्यक्ष समन्वय र सहकार्यमा अन्यकार्यहरु गर्ने/गराउने ।

२) विपद् व्यवस्थापन सम्बन्धमा तोकिएका अन्य कार्यहरु गर्ने ।

**३.३. केन्द्रको काम, कर्तव्य तथा अधिकारः**(१) केन्द्रले आफ्नो कार्यक्षेत्रभित्र विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभिका सन्दर्भमा देहाय बमोजिमका कार्य गर्नेछः

क) आफ्नो क्षेत्रभित्र विपद्जन्य घटनाबाट हुनसक्ने वा भएको क्षतिको जानकारी प्राप्त हुनासाथ केन्द्रको आन्तरिक बैठक बस्नु पर्नेछ र सोको जानकारी स्थानीय विपद् व्यवस्थापन समितिलाई दिनु पर्नेछ ।

ख) विपदका घटना भईहालेको अवस्थामा बैठक बस्नु पहिले नै खोज तथा उद्धार गर्न नजिकको सुरक्षा निकाय र विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्नु पर्नेछ ।

ग) बैठकले कार्यक्षेत्रभित्रको अवस्था विश्लेषण गरी विपद् व्यवस्थापन समितिसँग विपद् प्रतिकार्यमा सक्रिय हुने विषयगत क्षेत्र (Cluster) लाई सक्रिय बनाउन अनुरोध गर्ने ।

घ) आवश्यकता बमोजिम शीघ्र पुनर्लाभिका कार्य सञ्चालन गर्न आवश्यक स्रोत व्यवस्था तथा कार्यान्वयनका लागि महानगरपालिकाको स्रोत परिचालन गरी तोकिएको निकायसँग समन्वय गर्नु पर्नेछ ।

ङ) स्थानीय तहको सम्पर्क तथा समन्वय बिन्दूको रूपमा काम गर्ने ।

च) मानवीय सहायता सम्बन्धी सबै प्रकारका कार्य गर्न/गराउन सहयोग र सहजीकरण गर्ने ।

छ) आवश्यकता बमोजिम जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र तथा प्रदेश र राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र र तालुकदार निकायसँग समन्वय गर्ने ।

ज) महानगरपालिका क्षेत्रभित्रका घटनाको सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी विपद्का सूचना तथा तथ्याङ्कको विपद् व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी अध्यावधिक गर्ने गरी महानगरपालिका तथा सरोकारवाला निकायलाई उपलब्ध गराउने ।

झ) आफ्नो कार्यक्षेत्रभित्र क्षमता विकास क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने/गर्न लगाउने ।

ञ) केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारी महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत प्रति उत्तरदायी हुनेछन् । केन्द्रमा प्राप्त सबै प्रकारका सूचनाहरू तत्काल प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र निजले दिएको लिखित तथा मौखिक निर्देशनानुसारको कार्य गर्नु केन्द्रका कर्मचारीको कर्तव्य हुनेछ ।

## परिच्छेद – ४
## सम्पर्क विवरण

**४.१. सम्पर्क विवरणः**

४.१.१ विराटनगर महानगरपालिकास्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले निम्नानुसारको निकायहरुका अतिरिक्त महानगरपालिकाक्षेत्रमा कार्यरत अन्य संघसंस्थाहरुसँग दोहोरो संचार सम्पर्क गरी विपद् प्रतिकार्य सम्वन्धी कार्य सञ्चालन गर्नेछ ।

४.१.२ केन्द्रसंग सम्वन्धित विवरण नियमितरुपमा अद्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद – ५
## स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको आधारभूत कार्यविधि

**५.१. केन्द्र क्रियाशील रहने अवस्थाः**

५.१.१) विराटनगर महानगरपालिकास्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र हप्ताको सातै दिन, चौबिसै (२४/७)
घण्टा सञ्चालन हुनेछ ।

**५.१.२) केन्द्र देहायको अवस्थामा विशेष क्रियाशील रहनेछः**

क) विराटनगर महानगरपालिकाक्षेत्रभित्र विपदको अवस्थामा जनधनको क्षति भएमा वा जनजीवन असामान्य भई सङ्कट उत्पन्न भएमा कार्यक्षेत्रबमोजिम सम्बन्धित अधिकारीको प्रत्यक्ष नेतृत्वमा केन्द्र क्रियाशील हुनेछ ।

ख) केन्द्र प्रमुखले महानगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनबमोजिम कार्य सञ्चालन गर्नु पर्नेछ ।

ग) विपद्को सामना गर्न महानगरपालिकाको साधन स्रोत र क्षमताबाट सम्भव नभएमा जिल्ला, प्रदेश, केन्द्र र
साझेदार संस्थाहरुबाट सहयोग माग गर्न सक्नेछ ।

## ५.२. केन्द्रको बैठकः

१) केन्द्रको बैठक देहाय बमोजिम बस्नेछः

क) केन्द्रको बैठक सामान्यतः मासिक रुपमा बस्नेछ ।

ख)यसका अलावा आफ्नो क्षेत्रभित्र विपद्जन्य घटना भएको वा हुनसक्ने जानकारी प्राप्त हुनासाथ आवश्यकता बमोजिम जुनसुकै समय केन्द्रको बैठक बस्न सक्नेछ ।

ग) केन्द्रले आफ्नो बैठकमा आवश्यकताबमोजिम कुनै बिषेशज्ञ वा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ

घ) बैठक केन्द्रको संयोजकको संयोजकत्वमा बस्नेछ र बैठकको माइन्यूट तथा निर्णयहरु आन्तरिक व्यवस्थापन हेर्ने कर्मचारीले प्रमाणित गरी राख्नेछ ।

# परिच्छेद – ६
# केन्द्रका आधारभूत कार्य

## ६.१. केन्द्रका आधारभूत कार्यहरुः

**(१) केन्द्रले देहाय बमोजिम कार्य गर्नेछः**

### क) समन्वय तथा सहकार्य र अभिलेखः

- विपदको समयमा केन्द्रले आफ्नो क्षेत्रको सूचना सङ्कलन गर्ने, स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा स्थानीय तहमा कार्यरत सरकारी, गैरसरकारी निकाय, नागरिक समाज र व्यवसायिक तथा निजी क्षेत्रसँग विपद् प्रतिकार्य तथा शीघ्र पुनर्लाभिका कार्यलाई प्रभावकारी बनाउन समन्वय र सहकार्य गर्ने ।
- विपद् प्रभावित क्षेत्रका सरोकारवालाहरुसँग सल्लाह र सुझाव लिएर तत्काल आवश्यक निर्णय गरी प्रतिकार्यलाई प्रभावकारी बनाउन स्थानीय विपद् व्यवस्थापन समिति समक्ष आवश्यक पर्ने सहयोग माग गर्ने।
- विपद्का समयमा आफ्नो क्षेत्रमा तत्काल खोज तथा उद्धार र राहत व्यवस्थापनको लागि स्थानीय स्रोतको परिचालनको अभिलेख राख्ने ।
- विपद् सम्बन्धी सूचना सङ्कलन, क्षति विश्लेषण र अवस्था लेखाजोखाका लागि प्रतिवेदन तयार गर्ने ।

### ख) पूर्वतयारीः

- स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनका लागि विभिन्न कार्यदलहरुको गठन गरी क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।
- महानगरपालिकाको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयार गर्ने ।

- महानगरपालिकाक्षेत्रभित्र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका लागि कार्यशाला, परिदृश्य अभ्यास (Simulation) र नियमित अन्तरकृया सञ्चालन तथा समन्वय गर्ने ।
- कार्यक्षेत्रमा सम्भावित विपद्को सामना गर्न खोज तथा उद्धारको क्षमता, राहत सामग्रीको भण्डारण तथा उपलब्ध हुने सम्भावित स्रोतको विवरण र फरक फरक विपदबाट प्रभाव पर्न सक्ने जनसङ्ख्याको पूर्ण विवरण अध्यावधिक गरी राख्ने र महानगरपालिकालाई उपलब्ध गराउने ।
- आफ्नो महानगरपालिकाक्षेत्रभित्र भएका विपद् पूर्वतयारी सम्बन्धी कार्यको अनुगमन गरी विपद्का समयमा प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभ गर्ने व्यवस्था भएको सुनिश्चित गर्ने । पूर्वतयारीका कार्यमा कमीकमजोरी देखिएमा त्यसमा सुधार गर्न स्थानीय विपद् व्यवस्थापन समितिसँग सल्लाह र सहयोग माग गर्ने ।
- आफ्नो महानगरपालिकाक्षेत्रभित्र भएका नदीनाला तथा अन्य समयमा सुख्खा रही वर्षातको समयमा धेरै मात्रामा पानी हुने स्थानको साथ साथै आगलागी/भुकम्प, सुख्खा खडेरी जस्ता प्रकोप भएमा निश्चित क्षेत्रका लागि निश्चित ठाउँमा पानीको प्वाईन्ट (Hydrant) र जम्मा हुने सुरक्षित स्थान (Safe Place) पहिचान गर्ने ।

### ग) पूर्वसूचनाको व्यवस्थाः

पूर्वसूचना प्रवाह गर्न, समुदाय तहको पूर्वसूचना प्रणालीको विकास गर्न वडा कार्यालय, महानगरपालिका, जिल्ला र स्थानीय संघ संस्थासँग समन्वय तथा सहकार्य गर्ने । यस्तो संरचनालाई प्रभावकारी बनाउन सम्पर्क बिन्दूको रूपमा काम गर्ने । प्रभावित हुन सक्ने समुदायलाई सम्भावित विपदबारे यथासम्भव छिटो जानकारी दिएर उनीहरूलाई सुरक्षित स्थानमा जान आग्रह गर्नु स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको जिम्मेवारी हुनेछ । उदाहरणको लागि महानगरपालिका क्षेत्रको कुनै नदीको जलाधार क्षेत्रमा घना वर्षा भएर बाढी आउने सम्भावना रहेको सूचना प्राप्त भएमा केन्द्रले स्थानीय जलमापन केन्द्र वा मौसम विज्ञान विभागसँग समन्वय गरी यथार्थताका आधारमा त्यस्तो सूचना विभिन्न सञ्चार माध्यम मार्फत् प्रवाह गर्नुपर्नेछ । समुदायमा आधारित पूर्वसूचना प्रणालीहरूबाट प्राप्त सूचना महानगरपालिकाको समन्वयमा जिल्ला, प्रदेश र केन्द्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र समक्ष पुर्‍याउनुका साथै जिल्ला, प्रदेश र केन्द्रबाट जारी भएको पूर्वसूचना वा चेतावनीलाई तत्कालै आफ्नो महानगरपालिकाक्षेत्रभित्र प्रवाह गरी आवश्यक परेमा बसोबास खाली गराउन र समुदायका मानिसलाई सुरक्षित स्थानमा लैजान व्यवस्था मिलाउनुका अतिरिक्त देहाय बमोजिका कार्य गर्नेः

- नगर प्रहरी र स्थानीय तहका स्वयंसेवक परिचालन गर्ने
- स्थानीय तहमा क्रियाशिल अन्य सुरक्षा निकाय परिचालन गर्न महानगरपालिकामा अनुरोध गर्ने ।
- समुदायमा रहेका महिला, गर्भवती, सुत्केरी वा शिशुलाई स्तनपान गराउने महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्ग, वृद्धवृद्धा, बिरामीलाई सुरक्षित स्थानमा लैजान प्राथमिकता दिने ।
- ठाउँ सारिएका मानिसलाई बस्न र खानको उचित व्यवस्था मिलाउने सम्बन्धित निकाय र क्षेत्रसँग समन्वय गर्ने ।
- विपद् व्यवस्थापन समितिमार्फत विभिन्न माध्यमबाट सूचना प्रवाह गरी जोखिममा परेका समुदायलाई सम्भावित विपद्को स्थानबाट सुरक्षित स्थानमा सर्न लगाउने वा त्यसका लागि सहयोग परिचालन गर्न केन्द्रले समन्वय गर्नेछ ।
- स्थानीय विपद्को जोखिम कम भएको प्रतिवेदनका आधारमा सो पूर्वचेतावनीलाई निष्क्रिय गर्नु पर्ने भएमा पूर्वचेतावनीको अन्त्य भएको जानकारी समेत त्यही विधिबाट प्रवाह गर्नुपर्नेछ ।

### घ.आवास क्षेत्र खाली गराउने(Evacuation)

पूर्वसूचनालाई आधार मानेर स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपदबाट प्रभावित हुन सक्ने क्षेत्रका मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय विपद् व्यवस्थापन समितिको स्वीकृतिमा निम्न निकायबीच समन्वय कायम गरी स्रोत परिचालन गर्नुपर्नेछः

- नेपाली सेनाको स्थानीय गण/गुल्म
- सशस्त्र प्रहरी बलको स्थानीय कार्यालय

- जिल्ला प्रहरी कार्यालय र स्थानीय प्रहरी ईकाइहरु
- नेपाल रेडक्रस सोसाइटी
- समुदायमा आधारित विपद्  व्यवस्थापन समिति र त्यसको स्थानीय सञ्जालका प्रतिनिधि
- महानगरपालिका
- सञ्चारमाध्यम
- नागरिक समाज

## ङ) प्रतिकार्य व्यवस्थापनः

विपदबाट विस्थापित व्यक्ति, परिवार र समुदायलाई न्यूनतम आधारभूत मानवीय सहयोग  उपलब्ध गराउन केन्द्रले विषयगत क्षेत्रसँग समन्वय गर्नुपर्नेछ । मानवीय सहयोग उपलब्ध गराउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा निकायलाई स्फियर (**SPHERE**) मापदण्ड अनुसार सुरक्षित बासस्थान,खाद्यान्न, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन,लत्ताकपडा तथा गैरखाद्य सामग्री, शैक्षिक सामग्रीजस्ता आधारभूत आवश्यक वस्तुको व्यवस्था तथा वितरणमा प्रभावकारी समन्वय गर्ने ।

विराटनगर महानगरपालिकार यसको आसपासमा विपद् परेमा मानवीय सहयोग उपलब्ध गराउने संस्था वा निकायलाई सुरक्षित बासस्थान,खाद्यान्न,खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन,लत्ताकपडा तथा गैरखाद्य सामग्री, शिक्षा तथा शैक्षिक सामग्री, संरक्षण जस्ता आधारभूत वस्तु तथा सेवा उपलब्ध गराउन महानगरपालिका समक्ष समन्वय गरी देहाय बमोजिम कार्य गर्ने ।

- सबै विषयगत क्षेत्रका प्रमुख र सदस्यबीच महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्धारण गरेअनुसार र आवश्यकता अनुसार नियमित बैठक बोलाई छलफल गर्ने/गराउने,
- समितिका सदस्यबीच आवश्यक छलफलका लागि सहजीकरण गर्ने ।
- विराटनगर महानगरपालिकाक्षेत्रभित्र भएका राहत सामग्री र स्रोतको समीक्षा गरी नपुग स्रोत र साधनको व्यवस्थाका लागि महानगरपालिकामा अनुरोध गर्ने ।
- विराटनगर महानगरपालिकाभित्र संकलन भएका खाद्य तथा गैरखाद्य सामग्रीको अलग अलग लगत राख्ने र राख्न लगाउने।
- कार्यक्षेत्र र आसपासका व्यक्ति, स्वयंसेवक संस्था र नागरिक समाजबाट प्राप्त हुने राहत सहयोग निश्चित व्यक्ति वा समुदायभित्र दोहोरो पर्न नदिन एकद्वार पद्धतिबाट वितरणको व्यवस्था मिलाउने र समितिले गरेका निर्णय कार्यान्वयन गर्न समन्वय गर्ने ।

## च) सुरक्षा तथा संरक्षणः

आफ्नो कार्यक्षेत्र भित्र विपदबाट प्रभावित समुदायको सुरक्षा तथा संरक्षणका लागि केन्द्रले देहाय बमोजिमको कार्य गर्नेछः

- प्रारम्भिक सुरक्षाका लागि महानगरपालिकासंग माग गरी नगरप्रहरी परिचालन गर्ने ।
- स्थानीय, जिल्लास्तरीय र आवश्यकता बमोजिम महानगरपालिकामार्फत अन्य सुरक्षा निकायमा तत्कालै खबर गर्ने र तत्काल खोजी तथा उद्धार कार्य सुरु गर्ने/गराउने ।
- विपदबाट प्रभावित भएका महिला, गर्भवती, सुत्केरी वा शिशुलाई स्तनपान गराउने महिला, बालबालिका, अपाङ्ग, वृद्धवृद्धा, बिरामी, कुपोषित बालबालिका, मानसिक रूपमा विक्षिप्त व्यक्ति र यौनजन्य हिंसाबाट प्रभावित हुन सक्ने वर्गको संरक्षणको विशेष व्यवस्था गर्न समन्वय गर्ने ।

# परिच्छेद – ७
# आपत्कालीन केन्द्रको सूचना प्रणाली

## ७.१. विपद् व्यवस्थापन सूचना प्रणालीको प्रयोगः

(१) केन्द्रले विपद् प्रतिकार्य तथा पुनर्लाभका कार्यलाई पारदर्शी, जिम्मेवारयुक्त र प्रभावकारी बनाउन सूचना व्यवस्थापनका सन्दर्भमा देहाय बमोजिमका कार्य गर्नेछः

### क) सूचना तथा सञ्चार व्यवस्थापनः

केन्द्रले विपद्सम्बन्धी सूचना तोकिए बमोजिमको सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ । सूचनामा आउने विविधतालाई दृष्टिगत गरी पहिले प्रवाह गरिएका सूचनाको पुनःपरीक्षण गरी जिल्ला, प्रदेश र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ र आवश्यकतावमोजिम सूचना माग गर्नु पर्नेछ । सूचना प्रवाहका लागि देहायका अभिलेख समावेश हुनेछन्:

- महानगरपालिकाको प्रकोप जोखिम विश्लेषण नक्साको अभिलेख,
- महानगरपालिकाको सङ्कटासन्नता, जोखिम र क्षमताको अभिलेख,
- महानगरपालिकाभित्र रहेका जनसङ्ख्या मध्ये उच्च जोखिममा रहेको जनसङ्ख्याको विस्तृत र पूर्ण अभिलेख,
- महानगरपालिकाक्षेत्रमा भएका महत्वपूर्ण पूर्वाधारहरू तथा विपद्का समयमा परिचालन हुने सेवाको अभिलेख,
- महानगरपालिकाभित्र आपतकालीन समयमा आवश्यक पर्ने बन्दोबस्ती तथा यातायातका वैकल्पिक मार्गहरूको अभिलेख,
- प्रतिकार्यमा प्रयोग हुने मानव संसधान र भौतिक सामग्रीको सूची,
- सञ्चार सुविधाहरूको उपलब्धता र विस्तृत विवरण,
- विराटनगर महानगरपालिकाका विपद् सम्पर्क व्यक्तिहरुको सम्पर्क नम्बर ।

### ख) सञ्चार संयन्त्र

केन्द्रले आपतकालीन समयमा आफ्नो क्षेत्रको सूचना प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । महानगरपालिका तहको सूचना सङ्कलनको मुख्य स्रोत स्थानीय स्वयंसेवक, नगर प्रहरी, सुरक्षा निकाय, सञ्चारकर्मी र समुदाय हुनेछन्। यस सन्दर्भमा केन्द्रको सञ्चार सम्पर्कको संरचना अनुसूची (३) बमोजिम हुनेछ ।

### ग) रेडियो सञ्चार सम्पर्कः

केन्द्रको रेडियोसँग देहायका निकायको नियन्त्रण कक्षसँग सम्पर्क हुनेछः

- जिल्ला, प्रदेश र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र
- नेपाली सेना
- नेपाल प्रहरी
- सशस्त्र प्रहरी बल
- अन्य नगरपालिका/महानगरपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्र

### घ) गलत सूचना नियन्त्रणः

केन्द्रले आफ्नो कार्यक्षेत्रमा भएका विपद्सम्बन्धी घटनाको सूचना तथा तथ्याङ्क गलत रूपमा प्रवाह हुन नदिन सूचना सम्प्रेषण प्रक्रियालाई नियन्त्रित र व्यवस्थित बनाउनु पर्छ । गलत सूचना सम्प्रेषण हुँदा सर्वसाधारणमा प्रतिकूल प्रभाव पर्ने भएकाले विभिन्न निकाय वा ठाउँबाट प्राप्त सूचनाको परीक्षण गरेर मात्र सार्वजनिक गर्नु पर्छ । कुनै क्षेत्रबाट गलत सूचना सम्प्रेषण भएको पाईएमा केन्द्रले यथार्थमा आधारित भएर तत्कालै खण्डन गरी सही सूचना प्रवाह गर्ने व्यवस्थालाई सशक्त बनाउनु पर्छ ।

### ङ) सूचना विश्लेषणः

केन्द्रले सूचना विश्लेषण गर्दा देहायका सिद्धान्त अपनाउनु पर्नेछः

- विपद् र त्यसबाट प्रभावित क्षेत्रमा सञ्चालन गरिने प्रतिकार्यसम्बन्धी कार्य विपद् व्यवस्थापन समितिबाट प्राप्त भएका निर्देशनको कार्यान्वयन र परिस्थिति विश्लेषणका लागि सूचनाको अभिलेख राख्ने,
- प्राप्त सूचनाको प्रयोग प्राथमिकताका आधारमा गर्ने,
- विपद् सम्बन्धी सूचनाको प्रवाह आवश्यकताबमोजिम अद्यावधिक गर्ने ।
- परिस्थिति विश्लेषण प्रतिवेदन (Situation analysis report)का माध्यमबाट सरोकारवालाहरूलाई अद्यावधिक सूचना उपलब्ध गराउने ।

### च) सूचनाको प्राथमिकता क्रमः

केन्द्रले प्राप्त सूचनाको विश्लेषण र परीक्षण गर्नु पर्नेछ । त्यसरी परीक्षण गरिएका सूचनालाई अनुसूची (४) बमोजिमको प्राथमिकता क्रममा राखेर केन्द्रले प्रवाह गर्नुपर्नेछ ।

### छ) सूचना अधिकृतको जिम्मेवारीः

सूचना अधिकृतको देहायका जिम्मेवारी हुनेछन्ः

- कार्यक्षेत्रबाट प्राप्त सूचनाको अध्ययन गरी प्राथमिकता निर्धारण गर्ने ।
- हरेक सूचना कुन प्रयोजनका लागि प्रयोग गरिएको हो सो खुलाउने ।
- परिस्थिति विश्लेषण प्रतिवेदन आवश्यकता बमोजिम दैनिक वा साप्ताहिक वा मासिक रूपमा तयार गर्ने ।
- ऐतिहासिक प्रयोजनका लागि उपयुक्त हुने प्रकारले सूचनाको अभिलेख राख्ने ।
- प्रमुख प्रशासकीय अधिकृत वा केन्द्र प्रमुखको अनुमति लिएर सर्वसाधारणको लागि सूचना प्रवाह गर्ने ।

### ज) रात्रीकालीन  सूचना व्यवस्थापनः

- कार्यालय समय समाप्त भएपछि कार्यक्षेत्रबाट विपद्सम्बन्धी सूचना प्राप्त भएमा त्यस्तो सूचना महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, केन्द्र प्रमुख वा तोकिएको अधिकृतको मोबाइल वा घरको फोन मार्फत प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ ।
- विपद्को प्रकृति हेरी केन्द्रको सञ्चालन विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिको नेतृत्वमा अन्य कर्मचारीसहित २४ घण्टा नै सञ्चालनमा राख्नुपर्नेछ ।
- विपद् सम्बन्धी घटनाको विवरण प्राप्त हुनासाथ केन्द्रलाई क्रियाशिल गराउने अधिकार तत्काल काममा रहेको अधिकृत समक्ष रहनेछ । निजले केन्द्रलाई तत्काल क्रियाशिल गराई परिस्थितिलाई नियन्त्रणमा लिन र आवश्यक समन्वय गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा खटिएको अधिकृतले तत्कालै केन्द्रका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

### झ) प्रतिवेदनः

केन्द्रले वडा कार्यालयबाट प्राप्त विपद्सम्बन्धी सूचना, तथ्याङ्क, विपद्को अवस्था, प्रतिकार्य र पुनर्लाभका लागि भएका काम तथा विषयगत क्षेत्र र सरोकारवाला बीच भएका समन्वयका साथै स्रोत परिचालन जस्ता

विषयलाई समेटेर प्रतिवेदन तयार पारी आवश्यकता बमोजिम नियमित रूपमा देहाय बमोजिमका निकायलाई उपलब्ध गराउनेछः

- जिल्ला, प्रदेश र केन्द्रीय विपद् व्यवस्थापन समिति,
- सिमाना जोडिएका नगरपालिका, गाउँपालिका, जिल्ला, प्रदेश र केन्द्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र,
- मानवीय सहयोगमा संलग्न संस्था तथा निकाय (सरोकारवाला मन्त्रालयको नीति निर्देशन तथा समन्वय संयन्त्र अनुसार) ।

### ञ) परिस्थिति विश्लेषण प्रतिवेदन

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सक्रिय भएको अवस्थामा दैनिक प्रतिवेदन तयार गरी सबै निकायमा पठाउनु पर्नेछ । अन्य सामान्य अवस्थामा भने केन्द्रले हप्ताको एक पटक मात्र प्रतिवेदन पठाउन सक्दछ । अवस्था विश्लेषण प्रतिवेदन (Situation Analysis Report)का लागि तोकिएको ढाँचा (अनुसूची ८) प्रयोग गर्नु पर्नेछ, जसमा विपदबाट भएको मृतकको विवरण, भौतिक क्षति, आवश्यकता जस्ता कुरा उल्लेख हुनु पर्नेछ । यद्यपि प्रतिवेदनमा आवश्यक लचकता अपनाउन सकिनेछ। अवस्था विश्लेषण प्रतिवेदनले कम्तिमा देहायबमोजिमका विषयवस्तु समेटेको हुनुपर्नेछः

क) अवस्थाः  कहाँ, कहिले र कसलाई के भयो **?**

ख) प्रभावः जन, धन,वातावरण र संरचनामा कति क्षति भयो**?(**सामाजिक, आर्थिक, भौतिक, मानवीय, वातावरणीय क्षति)

ग) कार्यः  हालसम्म के कार्य गरियो **?**

घ) स्रोतः के परिचालन गरियो र के कति आवश्यक छ **?**

ङ) बाह्य सहयोगः घटनास्थलमा के उपलब्ध छ र बाहिरको सहयोग के चाहिन्छ **?**

च) जोखिमको लेखाजोखाः आगामी २४ देखि ७२ घण्टाभित्र के हुनसक्ने सम्भावना छ (अर्को अवस्था प्रतिवेदनका लागि आवश्यक)

छ) यस्तो प्रतिवेदन केन्द्र प्रमुखले निश्चित समयको अन्तरालमा तयार गर्नुपर्छ । अवस्था प्रतिवेदनको सामान्य ढाँचा अनुसूची- ८ मा दिइएको छ ।

### ट) प्रतिकार्य पछिको प्रतिवेदन

केन्द्र प्रमुखले प्रतिकार्यको नेतृत्वकर्ताका रूपमा क्षतिको विवरण तथा राहतका लागि आवश्यक सहयोगका कुरा समेत सबै प्रकारका प्रतिवेदनहरू समयमै माथिल्लो निकायमा उपयुक्त माध्यमवाट पुर्‍याउनु पर्नेछवापुर्‍याउने कुरा सुनिश्चित गनुपर्नेछ ।

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले सक्रियताको अन्त्य भएपछि प्रतिवेदन तयार गर्नुपर्नेछ जसले प्रतिकार्यको अधिकारिक अन्त्य भएको सूचित गर्नेछ । यो प्रतिवेदन पुनः जानकारी गराउनका लागि पनि तयार गर्नु पर्छ जसले प्रतिकार्य समयमा सिकिएको सबल र कमजोर पक्षहरूको जानकारी र सिकाइलाई आगामी दिनमा विपद् प्रतिकार्यमा निरन्तर सुधार गर्न मद्दत पुर्‍याउँछ ।

### ठ) बाधा अड्काउ फुकाउने अधिकारः

आपत्कालीन कार्यसञ्चालन विधि कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा महानगरपालिका का प्रमुख प्रशासकीय अधिकृतले स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षको स्वीकृति लिएर वाधा अड्काउ फुकाउन सक्नेछन् । त्यस्तो विषयलाई स्थानीय विपद् व्यवस्थापन समितिको लगत्तै वसेको वैठकवाट अनुमोदन गराउनु पर्नेछ ।

ड) द्रूत क्षति लेखाजोखाः

विपद्को प्रभावकारी प्रतिकार्य र पुनर्लाभका लागि केन्द्रमार्फत् विभिन्न निकायले घटनाबाट भएको मानवीय क्षति, भौतिक तथा संरचनात्मक क्षतिको बारेमा द्रूत क्षति लेखाजोखा गर्नेछन् । यसका लागि केन्द्रले विपद् व्यवस्थापन समिति र सरोकारवाला निकायसंग समन्वय गरी सहयोग गर्ने वा विशेषज्ञको सहयोगमा आफैं पनि क्षतिको लेखाजोखा गर्न सक्नेछ । क्षतिको लेखाजोखा देहायका चरणमा गर्नु पर्नेछः

**क) तत्काल द्रुत लेखाजोखा (IRA)** : यो विपद्को घटना घटेको ० देखि २४ घण्टासम्ममा गरिने लेखाजोखा होजसमा प्रभावित व्यक्तिको तत्कालीन आधारभूत आवश्यकता, जोखिममा परेका जनताको संरक्षणको सरोकार र उपलब्ध सेवाको बारेमा लेखाजोखा गरिन्छ । यस प्रयोजनका लागि अनुसूची (५) वमोजिमको ढाँचा प्रयोग गरिनेछ।

